सियारी गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड : ४ संख्या : ४ मिति : २०७७/०९/२८

## भाग–१

## सियारी गाउँपालिका, गाउँ कार्यपालिकाद्वारा प्रकाशित

# सियारी गाउँपालिकाको सार्वजनिक निजी साझेदारी ऐन, २०७७

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम सियारी गाउँपालिकाको गाउँसभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

सार्वजनिक निजी साझेदारीको माध्यमबाट स्थानीय तहमा पूर्वाधार सञ्चारको निर्माण र सञ्चालन तथा सार्वजनिक सेवा प्रवाह गरी नगरको बृहत सामाजिक तथा सुविधा निकास गर्न तथा सर्वसाधारणलाई भरपर्दो, किफायती र सर्वसुलभ रुपमा सेवा सुविधा उपलब्ध गराउने सम्बन्धमा आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २०७४ को उपधारा (१) बमोजिमको सियारी गाउँ सभाले यो ऐन बनाएको छ ।

## परिच्छेद १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस ऐनको नाम "सियारी गाउँपालिकाको सार्वजनिक निजी साझेदारी सम्बन्धी ऐन, २०७७" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा :-

(क) "अनुमतिपत्र" भन्नाले आयोजना कार्यान्वयन गर्न दफा ३३ बमोजिम दिइएको अनुमतिपत्र सम्झनु पर्छ ।

(ख) "अनुमतिपत्र प्राप्त व्यक्ति" भन्नाले आयोजना कार्यान्वयन गर्न अनुमतिपत्र प्राप्त व्यक्ति सम्झनु पर्छ ।

(ग) "अध्यक्ष" भन्नाले कार्यपालिकाको अध्यक्ष सम्झनु पर्छ ।

(घ) "अनुमानित आयोजना लागत" भन्नाले देहायमध्ये जुन बढी हुन्छ, सो लागतलाई जनाउनेछ ।

(१) आयोजना कार्यान्वयन गर्ने निकायले सम्भाव्यता अध्ययनमा उल्लेख गरेको आयोजना विकासमा लाग्ने रकम वा

(२) सम्भाव्यता अध्ययनका क्रममा उल्लेखित सार्वजनिक निकासबाट निजी निकायमा जाने जम्मा अनुमानित रकमको खुद वर्तमान मूल्य (पछिल्लो सरकारी ऋणपत्रको दरमा दुई प्रतिशत थप गर्दा हुन आउने रकम)

(ङ) "आयोजना" भन्नाले यस ऐन बमोजिम सार्वजनिक निजी साझेदारीमा कार्यान्वयन गरिने कुनै नयाँ पूर्वाधार संरचना डिजाइन, निर्माण, विकास, सञ्चालन वा व्यवस्थापन सम्झनु पर्छ र सो शब्दले देहायका कुरा समेत जनाउनेछ :

(१) मौजुदा संरचनाको पुर्नस्थापना, आधुनिकीकरण, विस्तार वा सञ्चालन तथा व्यवस्थापन,

(२) विकास निर्माणको कार्य,

(३) सार्वजनिक सेवा सुविधाको प्रवाह ।

(च) "कार्यपालिका" भन्नाले सियारी गाउँपालिका सम्झनु पर्छ ।

(छ) "निजी निकाय" भन्नाले सार्वजनिक निजी साझेदारी अन्तर्गत आयोजना कार्यान्वयन गर्ने सार्वजनिक निकाय बाहेकको निकाय सम्झनु पर्छ र सो शब्दले प्रचलित कानुन बमोजिम स्थापना भएका वा मान्यता प्राप्त फर्म, कम्पनी, सहकारी, स्थानीय सामुदायिक संस्था वा गैरसरकारी संस्था सम्झनु पर्छ ।

(ज) "निर्माण" भन्नाले पूर्वाधार संरचनाको निर्माण, विकास वा पुर्नस्थापना गर्ने कार्य सम्झनु पर्छ ।

(झ) "प्रमुख" भन्नाले सियारी गाउँपालिकाको प्रमुखलाई सम्झनु पर्छ ।

(ञ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले सियारी गाउँ कार्यपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ ।

(ट) "पुर्नस्थापना" भन्नाले मौजुदा पूर्वाधार संरचनाको मर्मत, विस्तार वा पुननिर्माण गरी पुर्नस्थापना गर्ने काम सम्झनु पर्छ ।

(ठ) "पूर्वाधार संरचना" भन्नाले स्थानीय स्तरका विकास आयोजनाहरु, स्थानीय सडक, ग्रामिण सडक, पुल, अस्पातल, नहर, साना विद्युत उत्पादन तथा वितरण, वैकल्पिक उर्जाख केबुलकार लाइन, ट्रलीबस संरचना, ट्रामाबे, प्रदर्शनी स्थल, पार्क, जलाशय, बाँध, ढल निकास, फोहोर मैला प्रशोधन तथा व्यवस्थापन प्लाण्ट, कृषि, वन, सिँचाई तथा पर्यटनसँग सम्बन्धित संरचना, रङ्गशाला, सारर्वजनिक सभागृह, बहुआवासीय भवन वा सार्वजनिक गोदाम घर सम्झनु पर्छ र सो शब्दले यस्तै प्रकृतिका अन् पूर्वाधार संरचना समेतलाई जनाउँछ ।

(ड) "लेखाजोखा समिति" भन्नाले दफा १२ को उपदफा (१) बमोजिम स्थापना हुने आयोजना लेखाजोखा समिति सम्झनु पर्छ ।

(ढ) "सम्झौता" भन्नाले आयोजना कार्यान्वयन गर्न दफा २९ बमोजिम प्रस्तावकसँग गरिएको सम्झौता सम्झनु पर्छ ।

(ण) "सर्वेक्षण" भन्नाले आयोजना कार्यान्वयन गर्नको लागि गरिने सर्वेक्षण सम्झनु पर्छ र सो शब्दले आयोजनाको सम्मभाव्यता अध्ययन, इञ्जिनियरिङ्ग डिजाइन कार्य र त्यसको लागि

गरिने अन्वेषण समेतलाई जनाउछ ।

(त) “सानिसा” भन्नाले सार्वजनिक निजी साझेदारीलाई सम्झनु पर्छ ।

(थ) “सानिसा इकाई” भन्नाले दफा ११ को उपदफा (१) बमोजिम स्थापना हुने सार्वजनिक निजी साझेदारी इकाई सम्झनु पर्छ ।

(द) “सानिसा समिति” भन्नाले दफा १० को उपदफा (१) बमोजिमको सार्वजनिक निजी साझेदारी समितिलाई सम्झनु पर्छ ।

(ध) “सरकार” भन्नाले स्थानीय सरकार, प्रदेश सरकार, नेपाल सरकार समेतलाई सम्झनु पर्छ ।

(न) “सार्वजनिक निजी साझेदारी” भन्नाले सार्वजनिक सेवाकसँमग सम्बन्धित कुनै आयोजनाको निर्माण, सञ्चालन, व्यवस्थापन वा सम्भार तथा वित्तीय लगानीमा आंशिक वा पूर्ण रुपमा निजी क्षेत्रलाई संलग्न गराउने गरी सार्वजनिक निकाय तथा निजी निकायबिच भएको करारीय प्रबन्ध सम्झनु पर्छ ।

(प) “स्थानीय सरकार” भन्नाले सियारी गाउँपालिका सम्झनु पर्छ ।

(फ) “सोझै प्राप्त भएको प्रस्ताव” भन्नाले सानिसा समितिले आव्हान नगरको तर कुनै इच्छुक निजी निकायबाट पहिचान गरी कार्यान्वयनका लागि पेश गरिएको प्रस्ताव सम्झनु पर्छ ।

(ब) “शुल्क” भन्नाले अनुमतिपत्र प्राप्त व्यक्तिले सेवा सुविधा उपलब्ध गराए वापत उपभोक्तासँग लिने सेवा शुल्क सम्झनु पर्छ ।

(भ) “तोकिएको वा तोकिए बमोजिमको” भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(म) “खरिद ऐन” भन्नाले सार्वजनिक खरिद ऐन २०६३ सम्झनु पर्छ ।

## परिच्छेद २
## सार्वजनिक निजी साझेदारीको ढाँचा

### ३. सार्वजनिक निजी लगानीमा आयोजना कार्यान्वयन गर्न सकिने:

(१) पूर्वाधार संरचना सम्बन्धी कुनै आयोजना सार्वजनिक साझेदारीमा यस ऐन बमोजिम कार्यान्वयन गर्न सकिने छ ।

(२) सार्वजनिक निजी साझेदारी आयोजनामा देहायका विशेषताहरु मध्ये अधिकांश विशेषताहरु समिश्रण भएको हुनु पर्नेछ :

(क) पूर्वाधार सेवाको निर्माण, पुनस्थापना वा आधुनिकिकरण गर्ने उद्देश्यका लागि निजी निकायको पूर्ण वा आंशिक पूँजी लगानी भएको,

(ख) निजी निकायलाई पूर्वाधार वा सेवाको सञ्चालन, मर्मत वा सेवा प्रदान गर्ने गरी जिम्मेवारी दिइएको वा सञ्चालन तथा मर्मत गर्न दिने गरी आयोजनाको व्यवस्थापन सम्झौता भएको,

(ग) निजी निकायलाई पूर्वनिर्धारित मापनयोग्य मानक अनुसारको कार्यसम्पादनसँग

व्यवस्थापन सम्झौता भएको,

(घ) निजी निकायबाट पूर्ण वा आंशिक रुपले आम्दानीको जोखिम व्यहोर्ने व्यवस्था स्वीकार गरिएको,

(ङ) आयोजनाको समझौता अवधि स्पष्ट भएको ।

**४. सार्वजनिक निजी साझेदारीका ढाँचाहरु:** दफा ३ को अधीनमा रही सार्वजनिक निजी साझेदारीका ढाँचाहरु देहाय बमोजिम हुन सक्नेछ :

(क) सञ्चालन पूँजी बाहेक निजी लगानी आवश्यक नपर्ने प्रकृतिको सञ्चालन तथा व्यवस्थापन करार,

(ख) न्यून वा उल्लेखनिय निजी पूँजी आवश्यक पर्ने निर्माण, स्वामित्वकरण, सञ्चालन तथा हस्तान्तरण करार,

(ग) माथि खण्ड (क) वा (ख) मा उल्लिखित करारका अन्य रुपहरु ।

**५. सार्वजनिक निजी साझेदारी नमानिने अवस्था:** यस ऐनको प्रयोजनका लागि आयोजना सम्बन्धी वित्तीय, प्राविधिक, सञ्चालन वा जोखिम सम्बन्धमा स्थानीय सरकार र निजी निकाय दुबैको सहभागिता नरही स्थानीय सरकारले निजी निकायबाट कुनै काम वा सेवा प्राप्त गर्ने उद्देश्यबाट सञ्चालन हुने कार्यलाई सार्वजनिक निजी साझेदारी प्रबन्ध मानिने छैन ।

**६. सार्वजनिक निजी साझेदारीमा कार्यान्वयन नगरिने आयोजना:** यस ऐनमा अन्यत्र जुनसुकै कुरा माध्यमबाट कार्यान्वयन गरिने छैन :

(क) आयोजना सम्बन्धी वित्तीय, प्राविधिक वा सञ्चालन सम्बन्धी जोखिम निजी निकायलाई हस्तान्तरण नगरी निजी क्षेत्रबाट कुनै काम वा सेवा प्राप्त गर्ने उद्देश्यले सञ्चालन हुने,

(ख) सार्वजनिक सम्पत्ति वा दायित्वको निजीकरण हुने,

(ग) सरकारी स्वामित्वको उद्यम खडा गरी सार्वजनिक कामको व्यापारीकरण हुने,

(घ) सार्वाजनिक कार्यको लागि निजी निकायबाट प्रदान गरिएको दान, चन्दा वा उपहार प्राप्त हुने,

(ङ) देशको सुरक्षा सम्बन्धी प्रावधानहरु समावेश हुने आयोजना,

(च) स्थानीय सरकारले सार्वजनिक निजी साझेदारीमा कार्यान्वयन नगरिने भनी अलग गरेका आयोजनाहरु,

(छ) सार्वजनिक हितका दृष्टिले सार्वजनिक निजी साझेदारीमा कार्यान्वयन गर्न नहुने आयोजनाहरु ।

**७. सार्वजनिक निजी साझेदारी आयोजना छनौटका आधारहरु:**

(१) देहायका मुख्य आधारहरुमा सार्वजनिक निजी झेदारी बमोजिम कुनै आयोजना कार्यान्वयन गर्ने वा नगर्ने निर्णय गरिनेछ :

(क) स्थानीय सरकारले त्यस्तो आयाजनाको लागत व्यहोर्ने सक्ने अवस्था भए वा नभएको,

(ख) आयोजनाको कार्यान्वयनका लागि गरिएको खर्च वा लगानीबाट सार्वजनिक स्तरमा गुणात्मक लाभ प्राप्त हुने अवस्था भए नभएको,

(ग) आयोजना आर्थिक रुपमा सम्भाव्य भए वा नभएको,

(घ) स्थानीय सरकार र निजी निकायबीच जोखिम तथा लाभको उचित ढङ्गमा बाँडफाँड हुने अवस्था भए वा नभएको ।

(२) सार्वजनिक निजी साझेदारी बमोजिम कुनै आयोजना कार्यान्वयनका लागि सार्वजनिक निजी साझेदारीको ढाँचा छनौट गर्दा देहायका कुराहरुलाई ध्यान दिनु पर्नेछ :

(क) आयोजनाको उद्देश्य पूरा हुने उपयुक्त स्वरुप भएको,

(ख) आयोजानको लागि निजी निकायको साधन श्रोत उपलब्ध भएको,

(ग) आयोजनाको डिजाइन, लगानी, निर्माण, सञ्चालन तथा मर्मत सम्भारमा निजी निकायले वहन गर्न सक्ने भूमिका भएको,

(घ) सम्भावित लगानीकर्ताहरुद्वारा स्वीकार गर्न सक्ने अवस्था रहेको,

(ङ) उपभोक्ता तथा समुदायले स्वीकार गर्न सक्ने सेवा शुल्क भएको,

(च) वित्तीय संस्था तथा लगानीकर्ताहरुद्वारा स्वीकार गर्न सक्ने अवस्था रहेको,

(छ) लाभ तथा जोखिम बाँडफाँडको स्वरुप निर्धारण भएको,

(ज) स्थानीय सरकारको आर्थिक तथा व्यवस्थापकीय क्षमता भएको,

(झ) आयोजना सम्झौताको अवधि उल्लेख भएको,

(ञ) जटिल प्रकृतिका सार्वजनिक निजी साझेदारी सम्झौताहरु कार्यान्वयन गर्न सक्ने मानव संशोधनको उपलब्धता भएको ।

**८. सार्वजनिक खरिद कानून आकर्षित नहुने:** यस ऐन बमोजिमको आयोजनाको पहिचान, स्वीकृति, निजी निकायको छनौट अनुगमन तथा कार्यान्वयन यसै ऐनको व्यवस्था बमोजिम गरिनेछ र सो सम्बन्धमा सार्वजनिक खरिद सम्बन्धी प्रचलित कानूनको व्यवस्था लागू हुनेछैन ।

## परिच्छेद ३
## संस्थागत संरचना

**९. कार्यपालिका:**

(१) देहायका आयोजनाहरुको लागि सम्भाव्यता अध्ययन अनुसार आयोजनाको खरिद प्रक्रिया सुरु गर्न स्वीकृति दिने तथा नीतिगत मन्वय गर्ने कार्य कार्यपालिकाबाट हुनेछ :

(क) दुई करोड रुपैयाँ वा सोभन्दा बढी अनुमानित आयोजना लागत भएको,

(ख) सम्भाव्यता न्यून परिपूर्ति कोष वा अन्य कुनै रकारी अनुदान वा आर्थिक  सहयोग आवश्यक भएको,

(ग) अन्य स्थानीय सरकार, प्रदेश सरकार वा केन्द्रीय सरकारसँगको साझ्दारी वा

सहभागितामा कार्यान्वयन गरिने आयोजनाहरु ।

तर उपयुक्त बमोजिमको आयोजनाको खरिद प्रक्रियाको स्वीकृति पश्चात् प्रस्तावदाता छनौट गर्ने तथा आयोजना सम्झौता गर्ने कार्य भने दफा १० बमोजिमको सानिसा समिमिले गर्नेछ ।

(२) कार्यपालिकाको कार्यक्षेत्र देहाय बमोजिम हुनेछ :

(क) सार्वजनिक निजी साझेदारीसँग सम्बन्धित सम्पूर्ण नीतिगत विषयहरुमा मार्गदर्शन गर्ने

(ख) सार्वजनिक निजी साझेदारीमा कार्यान्वयन गर्न सकिने आयोजनाहरुको पहिचना गर्ने,

(ग) सार्वजनिक निजी साझेदारीका लागि लगानीका क्षेत्रहरु पहिचान गर्ने,

(घ) उपदफा (१) बमोजिमको सार्वजनिक निजी साझेदारीका आयोजनाहरुको सम्भाव्यता अध्ययन, खरिद सम्बन्धी कागजात तथा मस्यौदा आयोजना सम्झाता लगायत आयोजनालाई खरिद प्रक्रियामा लैजान स्वीकृति प्रदान गर्ने,

(ङ) सार्वजनिक निजी साझेदारीमा सञ्चालित आयोजनाका कार्यान्वयनमा सम्बद्ध निकायहरुसँग आवश्यक गर्ने ।

## १०. सानिसा समितिः

(१) यस ऐन बमोजिमको आयोजना कार्यान्वयन गर्नका लागि कार्यपालिकाको प्रमुखको अध्यक्षतामा देहाय बमोजिमको प्रत्येक आयोजनाका लागि एक सानिसा समिति रहनेछ :

| | |
|---|---|
| (क) कार्यपालिकाको प्रमुख | अध्यक्ष |
| (ख) कार्यपालिकाको उपप्रमुख | सदस्य |
| (ग) प्रमुख प्रशसकीय अधिकृत | सदस्य |
| (घ) पूर्वाधार विकास शाखा प्रमुख | सदस्य |
| (ङ) सानिसा सम्बन्धी क्षेत्रका समितिलेतोकेको विज्ञ १ जना | सदस्य |
| (च) गाउँ कार्यपालिको विषयगत समितिको संयोजक | सदस्य |
| (छ) गाउँमा क्रियाशिल उद्योग वाणिज्यसँग सम्बन्धित संस्थाका प्रमुखहरु मध्येबाट ४ जना | सदस्य |
| (ज) आर्थिक प्रशासन शाखा प्रमुख | सदस्य सचिव |

(२) दफा ९ को उपदफा (१) मा उल्लिखित आयोजनाहरु बाहेक अन्य आयोजनाको हकमा त्यस्तो आयोजनाको खरिद प्रक्रिया प्रारम्भ गर्न तथा आयोजना सम्झौताको स्वीकृति दिने अख्तियारी सानिसा समितिमा रहनेछ ।

(३) सानिसा समितिको बैठको कार्यविधि र निर्णय सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## ११. सानिसा इकाईः

(१) दफा १० को उपदफा (२) को अधिनमा रही आयोजनाको तयारी, विकास,

मूल्याङ्कन, खरिद, प्रस्ताव छनौट, वार्ता, सम्झौतामा हस्ताक्षर, कार्यान्वयन तथा अनुगमनका लागि सानिसा समितिले प्रमुख प्रशसकीय अधिकृतको अध्यक्षतामा आवश्यकता अनुसार सम्बद्ध विभागका विभागीय प्रमुख तथा अधिकृतहरु रहाने गरी सानिसा इकाघको गठन गर्नुछ ।

(२) सानिसा इकाईको मुख्य काम तथा कर्तव्य देहाय बमोजिम हुनेछ :

(क) कुनै आयोजना र्वजनिक निजी साझेदारीमा कार्यान्वयन गर्नुपर्ने आत्धार र कारणको मूल्याङ्कन गर्ने,

(ख) आयोजनाको प्रारम्भिक मूल्याङ्कन गर्ने,

(ग) आयोजनाको सम्भाव्यता अध्ययन गर्ने, गराउने,

(घ) आयोजनाको उपयुक्तताको लेखाजोखाका लागि आयोजना लेखाजोखा समितिमा पेश गर्ने,

(ङ) आयोजना कार्यान्वयनका लागि आवश्यक लिखित कागजातहरु तयार गर्ने,

(च) प्रस्ताव आव्हान गर्ने, मूल्याङ्कन गर्न तथा प्रस्तावदाताको छनौट गर्ने,

(ज) आयोजना सम्झौताको व्यवस्थापन तथा कार्यान्वयन गर्ने,

(झ) आयोजना कार्यान्वयनका सम्बन्धमा सम्बन्धित निकायहरुसँग समन्वय गर्ने,

(ञ) तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने ।

(३) सानिसा इकाई को बैठकको कार्यविधि र निर्णय सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

**१२. लेखाजोखा समिति :**

(१) यस ऐन बमोजिम आयोजना कार्यान्वयन गर्ने निकायले आयोजनाको उपयुक्तताको लेखाजोखा गर्न सम्बन्धित विषयको विशेषज्ञ समेत रहने गरी बढीमा ५ (पाँच) सदस्य रहेको तोकिए बमोजिमको लेखाजोखा समिति गठन गर्नेछ ।

(२) सम्भाव्यता अध्ययन सम्पन्न भएका आयोजनाको खरिद प्रक्रिया प्रारम्भ गर्नु अघि लेखाजोखा समितिले आयोजनाको खरिद सम्बन्धी कागजात, मस्यौदा आयोजनाको सम्झौता र सोको सम्भाव्यता अध्ययनको उपयुक्तताको लेखाजोखा गर्नेछ ।

(३) उपदफा-२ बममोजिम लेखाजोखा समितिले आयोजनाको उपयुक्तताको लेखाजोखा गर्दा दफा ७ मा उल्लिखित आधारहरुलाई समेत विश्वेषण गर्नुपर्नेछ ।

(४) उपदफा (२) बमोजिम आयोजनाको उपयुक्तताको लेखाजोखा गरेपछि लेखाजोखा समितिले सो सम्बन्धमा आफ्नो धारणा र सुझाव समेत समेटी आफ्नो प्रतिवेदन सानिसा समितिमा पठाउनेछ ।

(५) लेखाजोखा समितिले आफूले उपयुक्तताको लेखाजोखा गरेका सबै आयोजनाहरुको कार्यान्वयन गर्दा स्थानीय सरकारमा पर्न सक्ने आकस्मिक दायित्वको अभिलेख राख्नुपर्नेछ ।

(६) माथिका दफाहरुमा जुनसुकै कुरा लेखिएको भए तापनि केन्द्रिय स्तरमा निर्माण भएको सार्वजनिक निजी साझेदारी सम्बन्धी कानूनले आयोजना लागत वा आयोजनाको

प्रकृतिको आधारमा कुनै खास संयन्त्रबाट आयोजनाको उपयुक्तताको लेखाजोखा गर्ने समन्वयमा व्यवस्था गरेको भए त्यस्तो आयोजनाको ल्खाजोखा सो कामून बमोजिम गराइनेछ ।

(७) लेखाजोखा समितिको बैठक सम्बन्धी कार्यविधि सो समितिले आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

## परिच्छेद ४
## आयोजनाको पहिचान र स्वीकृति सम्बन्धी व्यवस्था

**१३. आयोजना पहिचान गर्ने :**

(१) सानिसा समितिले सार्वजनिक निजी साझेदारीमा कार्यान्वयन गर्न सकिने आयोजना पहिचान गरी विवरण अद्यावाधिक बनाई राख्नेछ ।

(२) उपदफा (१) बमोजिम विवरण राख्दा सानिसा समितिले सम्भाव्यता अध्ययन भए वा नभएको आयोजनाको छुट्टाछुट्टै विवरण राख्नु पर्नेछ ।

**१४. प्राथमिकता निर्धारण गर्नेः**

(१) सानिसा समितिले सार्वजनिक निजी साझेदारीमा कार्यान्वयन गरिने आयोजनाको प्राथमिकता निर्धारण गर्नेछ ।

(२) उपदफा (१) बमोजिम आयोजना कार्यान्वयनको प्राथमिकता निर्धारण गर्दा तोकिएको क्षेत्रलाई तोकिए बमोजिममको प्राथमिकताका आधारमा राख्नु पर्नेछ ।

**१५. आयोजना स्वीकृत गराउनु पर्नेः**

(१) सानिसा समितिले दफा ९ को उपदफा (१) मा उल्लिखित आयोजना सार्वजनिक निजी साझेदारीमा कार्यान्वयन गर्न उपयुक्त तोकिए बमोजिमका विवरण खुलाई कार्यपालिकाबाट स्वीकृत गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजजिम आयोजना स्वीकृत गराउँदा उक्त आयोजना कुन तरिकाबाट कार्यान्वयन गर्न सकिने हो सो समेत उल्लख गर्नु पर्नेछ ।

(३) कुनै आयोजना एक भन्दा बढी तरिकाबाट कार्यान्वयन गर्न सकिने भए एक भन्दा बढी तरिका उल्लेख गरी स्वीकृत गराउन सकिनेछ ।

(४) दफा ९ को उपदफा (१) मा उल्लिखित आयोजनाहरु बाहेक अन्य आयोजना सानिसा समिति आफैले स्वीकृत गरी अघि बढाउन सकिनेछ ।

(५) यस दफा बमोजिम स्वीकृत भएका आयोजनाहरु स्थानीय सरकारको बजेट तथा वार्षिक कार्यक्रममा समावेश गरिनेछ ।

## परिच्छेद ५
## आयोजनाको खरिद प्रक्रिया सम्बन्धी व्यवस्था

**१६. खरिद प्रक्रियाका चरणहरुः**

(१) यस ऐन बमोजिम पहिचान र स्वीकृत भएका आयोजनाहरुको खरिद प्रक्रिया

सामान्यतया देहाय बमोजिम हुनेछ :

(क) योग्यताका लागि मनसायपत्र आव्हान गर्ने,

(ख) योग्यतामा छनौट भएका दरखास्त वालाहरुको संक्षिप्त सूची तयार गर्ने,

(ग) प्रस्तावको माग गर्ने,

(घ) प्रस्तावको मूल्याङ्कन गरी योग्य प्रस्तावको छनौट गर्ने,

(ङ) प्रस्ताव स्वीकृत गर्ने,

(च) छनौट भएको प्रस्तावसँग आयोजना सम्झौता गर्ने ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि बीस लाख रुपैयाँभन्दा कम अनुमानित आयोजना लागत भएका आयोजनाहरुको हकमा योग्यता सम्बन्धी दरखास्त र प्रस्ताव सम्बन्धी विवरणहरु छुट्टाछुट्टै खाममा एकै चरणमा माग गर्न सकिनेछ ।

**१७. मनसायपत्र आव्हान गर्न सक्ने :**

(१) सानिसा इकाईले दफा १६ बमोजिम स्वीकृत आयोजना सार्वजनिक निजी साझेदारीमा कार्यान्वयन गर्न तोकिएका कुराहरु खुलाई सार्वजनिक रुपमा सूचना प्रकाशन गरी मनसायपत्र आव्हान गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिम मनसायपत्र पेश गर्न चाहने व्यक्तिले तोकिए बमोजिमका विवरणाहरु खुलाई सी उपदफा बमोजिम प्रकाशित सूचनामा उल्लिखित समयावधिभित्र सानिसा इकाई मनसायपत्र पेश गर्नु पर्नेछ ।

**१८. संक्षिप्त सूची तयार गर्ने :** सानिसा इकाईले मनसायपत्र प्राप्त भएको मितिले तीस दिनभित्र तोकिएको आधारमा मनसायपत्र पेश गर्ने व्यक्तिहरु छनौट गरी सोको संक्षिप्त सूची तयार गर्नेछ ।

**१९. प्रस्ताव आव्हान गर्न सक्ने :**

(१) सानिसा इकाईले दफा १८ बमोजिम संक्षिप्त सूची तयार गरेपछि सो सूचीमा परेका मनसायपत्र पेश गर्ने व्यक्तिबाट आयोजना कार्यानव्यन गर्ने सम्बन्धमा तोकिएका कुराहरु खुलाई सार्वजनिक रुपमा सूचना प्रकाशक गरी प्रस्ताव आव्हान गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रस्ताव पेश गर्न चाहने व्यक्तले तोकिए बमोजिमका विवरणहरु खुलाई सोही उपदफा बमोजिम प्रकाशित सूचनामा उल्लिखित समयावधिभित्र सानिसा इकाई समक्ष प्रस्ताव पेश गर्नु पर्नेछ ।

**२०. सोझै प्रस्ताव आव्हान गर्न सक्ने :** दफा १७ मा जुनसुकै कुरा लेखिएको भए तापनि पहिले नै सम्भाव्यता अध्ययन भईसकेको वा तोकिए बमोजिम भन्दा कम लागतको आयोजना भए सानिसा इकाईले आयोजना कार्यान्वयन गर्ने सम्बन्धमा तोकिएको कुराहरु खुलाई सार्वजनिक रुपमा सूचना प्रकाशन गरी सोझै प्रस्ताव आव्हान गर्न सक्नेछ ।

**२१. प्रस्तावको मूल्याङ्कन गर्ने :**

(१) प्राप्त प्रस्तावहरुको मूल्याङ्कन गर्न सानिसा इकाईले एउटामा छुट्टै प्रस्ताव मूलयाङ्कन समिति गठन गर्नेछ ।

(२) प्रस्ताव मूल्याङ्कन समितिले देहायका आधारमा प्रस्ताव प्राप्त भएको मितिले पन्ध्र दिनभित्र सम्पूर्ण प्रस्तावहरुको मूल्याङ्कना गर्नुपर्नेछ :

(क) प्रस्तावको आर्थिक हैसियत,

(ख) प्रस्तावको प्राविधिक क्षमता,

(ग) आयोजनाको प्रकृति अनुसार सरकारलाई बुझाउने प्रस्तावित रोयल्टी रकम वा आयोजना कार्यान्वयन गर्दा उपभोक्तासँग लिने प्रस्तावित शुल्क,

(घ) प्रस्तावित सेवाका स्तर,

(ङ) नविनत वा उन्नत प्रविधिको प्रयोग,

(च) तोकिए बमोजिमका अन्य विवरण ।

(३) मूल्याङ्कन समितिले उदफा (२) बमोँजिम मूल्याङ्कन सम्पन्न गरी सोको प्रतिवेदन सानिसा इकाई समक्ष पेशमक गर्नेछ ।

**२२. प्रस्ताव छनौट गर्ने :**

(१) सानिसा इकाईले दफा २१ बमोजिमको मूल्याङ्कन प्रतिवेदनका आधारमा प्रस्ताव प्राप्त भएको मितिले तीस दिनभित्र प्रस्ताव छनौट गर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रस्ताव छनौट गरेपछि सानिसा इकाईले सोको जानकारी छिटो साधनद्वारा छनौट भएको प्रस्तावकले दिनु पर्नेछ ।

**२३. वार्ताद्वारा आयोजना कार्यान्वयन गर्न सक्नेः**

(१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि देहायका अवस्थामा कुनै आयोजना वार्ताद्वारा कार्यान्वयन गराउन सकिनेछ ।

(क) यस ऐन बमोजिम कम्तीमा दुई पटक मनसाय-पत्र वा प्रस्ताव आव्हान गर्दा पनि आवश्यक संख्यामा मनसायपत्र वा प्रस्ताव छनौट हुन नसकेको वा

(ख) आयोजनाको प्रकृति वा लागतको कारण प्रतिष्पर्धा हुन सक्ने सम्भावना नभएको वा

(ग) नयाँ अवधारणा वा प्रतिष्पर्धा समावेश भएको वा

(घ) स्थानीय सामुदायिक संघ संस्थाबाट कार्यान्वयन गरिने तोकिएको रकमसम्म अनुमानित आयोजना लागत भएको ।

(२) उपदफा (१) बमोजिमको कुनै आयोजना वार्ताद्वारा कार्यान्वयन गर्न चाहने व्यक्तिले तोकिएको कुराहरु खुलाई सानिसा समिति समक्ष निवेदन दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम प्राप्त भएको निवेदन जाचबुझ गर्दा वार्ताद्वारा सो आयोजना कार्यान्वयन गर्न उपयुक्त देखिएकमा सानिसा समितिले निवेदकसँग वार्ता गरी कार्यान्वयन गराउनेछ । तर दफा ९ को उपदफा (१०) उल्लिखित आयोजनाहरु वा दफा २३ को उपदफा (१) को खण्ड (ख) र (ग) का आयोजनाहरु भए सानिसा समितिले त्यस्ता आयोजनाहरु कार्यान्वयन गर्न कार्यपालिकाबाट स्वीकृति प्राप्त गर्नु पर्नेछ ।

(४) यस दफा बमोजिम वार्ताद्वारा आयोजना कार्यान्वयन गर्दा सानिसा समितिले निवेदकसँग

दफा २८ बमोजिमको विवरण माग गर्न सक्नेछ ।

**२४. सम्झदारीपत्र गर्न सक्ने :** दफा २२ बमोजिम प्रस्ताव छनौट गरेपछि वा दफा २३ को उपदफा (४) बमोजिम माग गरिएको विवरणका आधारमा आयोजना कार्यान्वयन गर्न उपयुक्त देखिएमा सानिसा इकाईले प्रस्तावसँग आयोजनाको कार्यान्वयन गर्न सम्बन्धमा सम्झदारीपत्र सम्पन्न गर्न सक्नेछ । तर परियोजनाको प्रकृति हेरी सानिसा इकाईले प्रस्तावकसँग प्रारम्भिक आयोजना सम्झौता गर्न सक्नेछ ।

**२५. आयोजना विवरण पेश गर्नु पर्ने :**

(१) दफा २४ बमोजिम सम्झदारीपत्र वा प्रारम्भिक आयोजना सम्झौता गरेकामा सो सम्झदारी वा प्ररम्भिक आयोजना सम्झौतामा उल्लिखित समयावधि र सम्झदारीपत्र वा प्रारम्भिक आयोजना सम्झौता नगरेकोमा आयोजनाको प्रकृति हेरी दुई सय सत्तरी दिनमा नबढ्ने गरी सानिसा इकाईले तोकेको समयावधिभित्र प्रस्तावकले आयोजना कार्यान्वयन सम्बन्धी तोकिए बमोजिमका विवरणहरु सानिसा इकाई समक्षपेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम अवधिभित्र प्रस्तावकले त्यस्तो विवरण पेश गर्न नसक्ने कुनै मनासिव कारण देखाई समयावधि थपको लागि सानिसा इकाई समक्ष निवेदन दिएमा सानिसा इकाईले बढीमा नब्बे दिनको समयावधि थप गरिदिन सक्नेछ ।

**२६. रद्द गर्न सक्नेः**

(१) दफा १५ बोजिमको समयावधिभित्र प्रस्तावकले विवरण पेश नगरेमा वा त्यसरी पेश गरिएको विवरण अध्ययन गर्दा आयोजना कार्यान्वयन गर्न सम्भाव्य र उपयुक्त नदेखिएमा सानिसा इकाईले सो कारण खुलाई प्रस्तावकसँग समभ्कदारीपत्र वा प्रारम्भिक आयोजना सम्झौता र समभ्कदारीपत्र वा प्रारम्भिक आयोजना सम्झौता नगरेकोमा निजको प्रस्ताव रद्द गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम सम्झदारीपत्र, प्रारम्भिक आयोजना सम्झौता वा प्रस्ताव रद्द भएमा प्रस्तावकले सानिसा इकाईसँग कुनै किसिमको हानी नोक्सानी वापतको क्षतिपूर्ति दाबी गर्न पाउने छैन ।

**२७. वार्ताद्वारा आयोजना विस्तृत सम्भाव्यता अध्ययन गर्न सक्नेः**

(१) यस ऐनमा अन्यत्र जुनकुकै कुरा लेखिएको भए तापनि कुनै व्यक्तिले विस्तृत सम्भाव्यता अध्ययन नभएको कुनै आयोजनाको विस्तृत सम्भाव्यता अध्ययन गर्नका लागी सानिसा समिति समक्ष निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम परेको निवेदन उपर आवश्यक जाँचबुझ गर्दा विस्तृत सम्भाव्यता अध्ययन गर्न अनुमति दिन मनासिव देखिएमा सानिसा समितिले निवेदकसँग वार्ता गरी त्यस्तो आयोजनाको विस्तृत सम्भाव्यता अध्ययन गर्न गराउन अनुमति दिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम विस्तृत सम्भाव्ययता अध्ययन गर्दा गराउँदा लागेको खर्च त्यस्तो विस्तृत सम्भाव्यता अध्ययन गर्ने गराउने व्यिक्ति स्वयंले व्यहोर्नु पर्नेछ ।

(४) यस दफा बमोजिम विस्तृत सम्भाव्यता अध्ययन गरिएको कुनै आयोजनाको कार्यान्वयनका लागि प्रतिस्पर्धा गराउँदा उपदफा (२) बमोजिम विस्तृत सम्भाव्यता अध्ययन गर्ने गराउने व्यक्ति छनौट हुन नसकेमा निजले सो आयोजनाको विस्तृत सम्भाव्यता अध्ययन गर्दा गराउँदा लागेको खर्च त्यस्तो आयोजनाको कार्यान्वयनको लागि छनौट भएको प्रस्ताव स्वीकृत हुने व्यक्तिले व्यहोर्नु पर्नेछ ।

**२८. सोझै प्राप्त भएको प्रस्ताव मार्फत आयोजना कार्यान्वयन गर्न सकिने :**

(१) सानिसा समितिले निजी निकायबाट सोझै प्राप्त भएका प्रस्तावलाई ऐन तथा नियमावली बमोजिम कार्यान्वयन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको प्रस्ताव देहायको अवस्थामा स्वीकार गर्न सकिनेछ :

(क) प्रतिस्पर्धात्मक प्रक्रियाबाट प्रस्तावबाट प्रस्तावदाता छनौट हुन नसकेको आयोजना,

(ख) आयोजनालाई कुनै व्यक्तिको स्वामित्वमा रहेको बौद्धिक सम्पत्ति वा प्रविधि आवश्यक भएकोमा सो आयोजनाको लागि प्रस्ताव गर्ने प्रस्तावदातासँग मात्र त्यस्तो बौद्धिक सम्पत्ति वा प्रविधि रहेको भएमा वा

(ग) स्थानीय जनसमुदायका स्थानीय आवश्यकताहरुलाई पूर्ति गर्नका लागि स्थानीय सामुदायिक संस्थाबाट प्राप्त भएका प्रस्तावहरु वा

(घ) कार्यपालिकाले आयोजना रणनीतिक महत्वको छ भनी स्वीकार गरेमा ।

(३) सानिसा समितिले उपदफा (१) बमोजिम सोझै प्राप्त भएको प्रस्तावलाई पुनरावलोकन गर्दा आकर्षक र लाभदायी भएमा त्यस्तो प्रस्ताव पेश गर्ने प्रस्तावकलाई सम्भाव्यता अध्ययन प्रतिवेदन पेश गर्न लगाउन सक्नेछ ।

(४) उपदफा (३) बमोजिमको सम्भाव्यता अध्ययन प्रतिवेदन अध्ययन गर्दा सो आयोजनाबाट सार्वजनिक हित हुने देखिएमा सानिसा समितिले कार्यपालिकाको सैद्धान्तिक सहमतिका लागि पेश गर्नेछ ।

(५) उपदफा (४) बमोजिम कार्यपालिकाले आयोजना अघि बढाउन सैद्धान्तिक सहमति दिएमा लेखाजोखा समितिले उक्त आयोजनाको उपयुक्तताको लेखाजोखा गर्नु पर्नेछ ।

(६) उपदफा (५) बमोजिम उपयुक्तताको लेखाजोखा सम्पन्न गरे पश्चात सानिसा समितिले उक्त आयोजना कार्यान्वयनका लागि यस ऐन बमोजिम प्रस्ताव आव्हान गर्नेछ ।

(७) उपदफा (७) बमोजिमको प्रस्तावमा सोझै प्रस्ताव पेश गर्ने प्रस्तावक पनि सहभागी हुन सक्नेछ ।

(८) उपदफा (८) बमोजिम प्राप्त भएका प्रस्तावकहरुको मूल्याङ्कन भएपिछ छनौट भएको योग्य प्रस्तावकले कबोल गरेको शर्तहरुसँग सोझै प्रस्ताव पेश गर्ने आयोजना कार्यान्वयन गरिनेछ ।

(९) सोझै प्रस्ताव पेश गर्ने प्रस्तावकले भाग नलिएमा विनवले छनौट योग्य प्रस्तावकको प्रस्ताव अनुसार काम गर्न मन्जु नगरेमा प्रस्तावलाई उक्त आयोजना कार्यान्वयन गर्न दिइने छैन ।

(१०) सोझै प्रस्ताव गर्ने प्रस्तावकले प्रस्तावमा सहभागी भएको तर छनौट योग्य प्रस्तावक हुन नसकेको र छनौट योग्य प्रस्तावकले पेश गरेको प्रस्ताव पनि स्वीकार नगरेको अवस्था भए त्यस्तो अवस्थामा छनौट योग्य प्रस्तावदाताले प्रस्ताव आव्हानको लिखितमा उल्लेख गरिएका सम्भव्यता अध्ययनमा भएको खर्च वापतको रकम त्यसरी सोझै प्रस्ताव पेश गर्ने प्रस्तावकलाई भुक्तानी गर्नु पर्नेछ ।

(११) सोझै प्रस्ताव पेश गर्ने प्रस्तावकले आयोजना कार्ययान्वयन गर्न पाएमा निजले छनौट योग्य प्रस्तावकलाई प्रस्ताव आव्हानको लिखितमा उल्लेख गरिएको सम्भाव्यता अध्ययनमा भएको खर्च वापतको रकम भुक्तानी गर्नु पर्नेछ ।

(१२) सोझै प्रस्ताव पेश र्ने प्रस्तावक एक जनाले मात्र प्रस्तावकमा सहभागी भएमा प्रस्ता आव्हानको लिखितमा उल्लिखित शर्तहरुका आधारमा प्रस्तावकको प्रसताव स्वीकृत गर्न सकिनेछ ।

(१३) उपदफा (१२) मा उल्लिखित अवस्थामा पनि सोझै प्रस्ताव पेश गर्ने प्रस्तावकको प्रस्ताव स्वीकृत नभएमा कार्यपालिकाले सम्भाव्यता अध्ययन गर्दा लागेका पूर्वानिर्धारित खर्च भूक्तानी गर्नेछ ।

(१४) माथिका उपदफाहरुमा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (१) को खण्ड (३) बमोजिमको आयोजनाको अनुमानित लागत रु. पाँच लाख रुपैयाँ भन्दा बढी नभएमा सानिसा समितिले सोझै वार्ताको माध्यमद्वारा सम्बन्धित स्थानीय सामुदायिक संस्थालाई त्यस्तो आयोजना कार्यान्वयन गर्न अनुमति दिन सक्नेछ ।

**२९. सम्झौता गर्ने :**

(१) दफा २५ बमोजिम प्राप्त विवरणको आधारमा प्रस्तावकसँग सम्झौता गर्न उपयुक्त देखिएमा सानिसा समितिले प्रस्तावसँग आवश्यकता अनुसार वार्ता गरी सम्झौता गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको सम्झौतामा सानिसा समितिको तर्फबाट प्रमुख प्रशासकिय अधिकृतले हस्ताक्षर गर्नेछ ।

(३) प्रस्तावले दफा २८ को उपदफा (१) बमोजिमको विवरण सम्झौतामा लेखिएको अवधिभित्र पेश गर्नुपर्नेछ । सो अवधिभित्र प्रस्तवकले त्यस्तो विववरण पेश गर्न नसकेमा प्रस्तावकसँग भएको सम्झौता स्वत : रद्द भएको मानिनेछ ।

**३०. सम्झौता खुलाउनु पर्ने कुराहरु :**

सम्झौतामा देहायका कुराहरु खुलाउनु पर्नेछ :

(क) आयोजनाको विवरण,

(ख) आयोजनाक कार्यान्वयन शुरु गर्ने मिति र सम्पन्न गर्ने मिति,

(ग) आयोजनाको निर्माण वा सञ्चालन गर्दा अनुमतिपत्र प्राप्त व्यक्तिले पाउने सुविधा तथा सहुलियत सम्बन्धी कुरा,

(घ) अनुमतिपत्रको अवधि,

(ङ) आयोजना कार्यान्वयनको चरणबद्ध विवरण र कार्यान्वयन तालिका,

(च) आयोजनाको प्राविधिक गुणस्तर तथा स्टाण्डर्ड,

(छ) आयोजना सञ्चालन सम्बन्धी विवरण,

(ज) जोखिमको बाँडफाँड र आयोजना अविधमा जोखिम व्ययवस्थापन गरिने विधि, कार्य सम्पादनमा आधारित भुक्तानि सम्बन्धी व्यवस्था, कार्यसम्पादनका मूल्याङ्कनका वस्तुगत आधार र मापदण्ड ।

(झ) आयोजनाको अनुगमन प्रक्रिया सम्बन्धी विवरण,

(ञ) आयोजना लजमा दिएको भए सोको विवरण र लजका शर्तहरु,

(ट) आयोजना सञ्चालन वा हस्तान्तरणका शर्त,

(ठ) आयोजना सञ्चाल गर्दा उपभोक्तासँग लिन पाउने शुल्क सम्बन्धी व्यवस्था,

(ड) आयोजनाको बीमा सम्बन्धी व्यवस्था,

(ढ) आयोजनामा जडित मेशिन तथा आयोजना हस्तान्तरणका बखत हुनु पर्ने अवस्था र गुणस्तर,

(ण) स्थानीय सरकारलाई बुझाउनु पर्ने रोयल्टी र भुक्तानी विधि,

(त) आयोजना कार्यान्वयन गर्दा कुनै पक्षले सम्झौट्टा बमोजिमको दायित्व पुरा नगरेको कारणबाट मर्का पर्ने पक्षले प्राप्त गर्ने क्षतिपूर्ति भराउने, सम्झौता उल्लघन गर्ने पक्षले व्यहोर्नु पर्ने दायित्व तथा सम्झौता रद्द हुने अवस्था,

(थ) काबु बाहिरको परिस्थिति सम्बन्धी व्यवस्था,

(द) सूचना आदान प्दान सम्बन्धी व्यवस्था,

(ध) कानूनमा हुने परिवर्तनबाट निजी लगानीकर्तालाई कुनै विशेष संरक्षण दिइने भएसो सम्बन्धी व्यवस्था,

(न) लागू ऐन कानून, विवाद समाधानको संयन्त्र, विधि र प्रक्रिया,

(प) सम्भाव्यता मयून परिपूर्ति सम्बन्धी व्यवस्था,

(फ) आयोजनामा स्थानीय सरकारको कुनै लगानी हुने भए त्यस्तो लगानी र सो वापत स्थानीय  सरकारको प्राप्त गर्ने प्रतिफल,

(ब) अन्य आवश्यक कुराहरु ।

**३१. कार्य सम्पादन जमानत सम्बन्धी व्यवस्थाः**

प्रस्तावकले कार्यसम्पादन जमानत वापत आयोजनाको कुल लगानीको शुन्य दशमलब पाँच प्रतिशत (०.५) भन्दा कम नहुने गरी सम्झौतामा लेखिए बमोजिमको रकम वा सो बराबरको बैंक ग्यारेण्टी आयोजनाको वित्तीय समापन सम्पन्न नभएसम्मका अवधिका लगि सानिसा इकाई समक्ष दाखिला गर्नु पर्नेछ ।

**३२. रीत पुगेको मानिनेः**

(१) प्रचिलत कामूनमा जुनसुकै कुरा लेखिएको भए तापिन यस ऐन बमोजिम सानिसा समितिबाट आयोजना स्कृत भई दफा घघ बमोजिम अनुमतिपत्र प्राप्त गरेकोमा

त्यस्तो अनुमतिपत्र प्रचलित कानूनको रीत पुर्याई जारी भएको मानिनेछ ।

(२) उपदफा (१) बमोजिम जारि भएको अनुमतिपत्रका शर्तहरु उपर अनुमतिपत्र बहाल रहेको अवधिभर प्रतिकूल हुने गरी सभा वा सम्झौता प्रतिकूल हुने गरी प्रशासनिक वा नीतिगत व्यवस्था गरिने छैन र सम्झौता प्रतिकूल हुने गरी गरिएको कुनै कानून, प्रशासनिक वा नीतिगत व्यवस्था मान्य हुने छैन ।

परिच्छेद-६

## अनुमतिपत्र सम्बन्धी व्यवस्था

**३३. अनुमतिपत्र प्रदान गरिनेः** दफा ३० बमोजिम सम्झौता गरेपछि सानिसा इकाइले प्रस्तावकलाई आयोजनाको कार्यान्वयन गर्न तोकिए बमोजिमको ढाँचामा अनुमतिपत्र दिनेछ ।

**३४. अन्य व्यक्तिले अनुमतिपत्र नदिइनेः** आयोजनाको कार्यान्वयन गर्नको लागि कुनै क्षेत्रमा कुनै प्रस्तावकलाई अन्मतिपत्र दिइसकिए पछि सम्झौतामा लेखिए बमोजिम सोही क्षेत्रमा सो आयोजनालाई प्रतिकूल असर पर्ने गरि त्यस्तै किसिमको आयोजनाको कार्यान्वयन गर्न अन्य व्यक्तिलाई अनुमतिपत्र दिने छैन ।

**३५. अनुमतिपत्रको अवधिः**

(१) अनुमतिपत्रको अवधि चालीस वर्षमा नबढाई सम्झौतामा लेखिए बमोजिम हुनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिए पनि विशेष परिस्थति परी अनुमतिपत्रको अवधि बढाउन आवश्यक भएको कारण खुलाई अवधि थपको लागि अनुमतिपत्र प्राप्त व्यक्तले निवेदन दिएमा र सो निवेदनको व्यहोरा मनासिव देखिएमा कार्यपालिकाले बढीमा पाँच वर्षसम्म अनुमतिपत्रको अवधि थप सक्नेछ ।

(घ) अनुमतिपत्रको अवधि तोकिएको आधारमा गरिनेछ ।

**३६. अनुमतिपत्र रद्द गर्न सक्नेः**

(१) अनुमतिपत्र प्राप्त व्यक्तिले सम्झौता बमोजिम आयोजना कार्यान्वयन प्रारम्भ नगरेमा वा यो ऐन वा यस अन्तर्गगत बनेको नियम वा सम्झौता विपरित कुनै काम अनुमतिपत्र रद्द गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम अनुमतिपत्र रद्द भएमा अनुमतिपत्र प्राप्त व्यक्तिसँग गरिएको सम्झौता स्वतः रद्द भएको मानिनेछ ।

(३) यस दफा बमोजिम अनसमतिपत्र रद्द भएमा अनुमतिपत्र प्राप्त व्यक्तिले सानिसा समितिसँग कुनै किसिमको दामबी गर्न पाउने छैन ।

**३७. रोयल्टि बुझाउनु पर्नेः** रोयल्टी बुझाउने सम्झौता भएकोमा अनुमतिपत्र प्राप्त व्यक्तिले सम्झौता बमोजिमको रोयल्टी सम्झौतामा उल्लिखित तरिकाबाट स्थानीय सरकारलाई बुझाउनु पर्नेछ ।

**३६. आयोजना हस्तान्तरण गर्नु पर्नेः**

(१) अनुमतिपत्र प्राप्त व्यक्तिले सम्झौतामा लेखिएको बमोजिम स्थानीय सरकारलाई आयोजना हस्तान्तरण गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम आयोजना हस्तान्तरण गर्ने मितिले कम्तीमा एक वर्ष अगाडि देखि सानिसा इकाईको सुपरिवेक्षणमा सम्झौतामा उल्लेख भए बमोजिम आवश्यक मर्मत सम्भार गरी हस्तान्तरण गर्नु पर्नेछ ।

(३) उपदफा ९३ को प्रयोजनका लागि सानिसा इकाईले प्रतिनिधिहरु खटाई पठाउन पर्नेछ ।

(४) उपदफा (ज्ञ बमोजिम आयोजना हस्तान्तरइ हुँदा त्यस्तो आयोजनामा जडित मेशिन, उपकरण  तथा संरचना सम्झौतामा लेखिएको बमोजिमको क्षमता, सरकारको हुनेछ ।

**३७. स्थानीय सरकारको स्वामित्व हुने:** दफा ३८ बमोजिम हस्तान्तरण भएको आयोजना र सोसँग सम्बन्धित घर जग्गा तथा उपकरणको स्वामित्व स्थानीय सरकारी हुनेछ ।

## परिच्छेद ७
## लगानी सम्बन्धी व्यवस्था

**४०. अनुमतिपत्र प्राप्त व्यक्तिले लगानी गर्नुपर्ने:**

(१) सम्झौता अन्यथा व्यवस्था भएककोमा बाहेक आयोजना कार्यान्वयन गर्न अनुमतिपत्र प्राप्त व्यक्तिले लगानी गर्नु पर्नेछ ।

(२) अनुमतिपत्र प्राप्त व्यक्तिले आयोजना अन्तर्गतको घर, जग्गा वा मुख्य मेशिन उपकरण धितो राखी ऋण लिंदा सानिसा समितिको स्वीकृति लिनु पर्नेछ । तर स्थानीय सरकारले उपलब्ध गराएको घर जग्गा वा अन्य सम्पत्ति धितोमा रख्न पाइने छैन ।

**४१. स्थानीय सरकारले संयुक्त लगानी गर्न सक्ने:**

(१) उपदफा (२) उल्लिखित आधारमा र कारणबाट औचित्य पुष्टि हुने भएमा विशेष अवस्थामा स्थानीय सरकारले पच्चिस प्रतिशतमा नबढ्ने गरी आयोजनामा शेयर पूँजी लगानी गर्न सक्नेछ ।

(२) देहायका आधारहरु विद्यमान भएमा मात्र स्थानीय सरकारले आयोजनामा शेयर पूँजी लगानी गर्न सक्नेछ ।

(क) आयोजनाको आर्थिक सम्भाव्यता बृद्धि हुने भएमा,

(ख) आयोजनाको निर्माण तथा सञ्चालनमा सानिसा समितिको उपस्थिति बलियो हुने भएमा,

(ग) लगानीकर्तालाई सहज वातावरण सिर्जना हुने भएमा,

(घ) आयोजनाको उचित अनुगमनका लागि शेयर लगानी आवश्यक हुने भएमा ।

(३) उपदफा (१) बमोजिमको लगानी आयोजना कार्यान्वयन गर्ने निजी नियकाले स्थानीय सरकारको हिस्सा लिन चाहेमा आयोजनाको प्रचलित मुल्यमा हिसाब गरी दन

सकिनेछ ।

**२. अन्य व्यक्तिसँग सम्झौता गर्न सक्ने :**

(१) आयोजना समझौतका शर्तका अधीनमा रही अनुमतिपत्र प्राप्त व्यक्ले आयोजना कार्यान्वयन गर्ने सम्बन्धमा लगानी प्राप्त गर्न वा आयोजना बमोजिमको कुनै काम कुनै व्यक्तिबाट गराउने गरी अनय व्यक्तिसँग सम्झौता गर्न सक्नेछ । तर त्यस्तो सम्झौता भएको कारणले आयोजना कार्यान्वयन गर्ने दायित्वबाट निजले छुटकारा पाउने छैन ।

**४३. भुक्तानी सम्झौता गर्न सक्ने :** अनुमतिपत्र प्राप्त व्यक्तिले आयोजना निर्माण गरी स्थानीय सरकारलाई हस्तान्तरण गर्ने गरी वा दफा ४६ बमोजिमको शुल्क नउठाई अन्य रुपमा आयोजनामा गरेको लगानी फिर्ता पाउने गरी दफा ४० बमोजिम सम्झौता भएकोमा कार्यपालिकाले एकमुष्ट रुपमा वा किस्ताबन्दीमा त्यस्तो रकम भुक्तानी पाउने गरी सम्झौता गर्न सक्नेछ ।

**४४. सम्भाव्यता न्यून परिपूर्ति कोष :**

(१) स्थानीय सरकारले सम्भाव्य आयको तुलनामा लागत बढी हुने आयोजनालाई अनुदान उपलब्ध गराउन सम्भाव्यता न्यून परिपूर्ति कोष खडा गर्न सक्नेछ ।

(२) केन्द्रिय स्तरमा जारी भएको कानून बमोजिम स्थानीय स्तरमा कार्यान्वयन हुने आयोजनाले सम्भावेयता न्यून परिपूर्ति कोषको सुविधा पाउने अवस्थामा सोही बमोजिम आयोजनालाई अनुदान उपलब्ध गराउन सहयोग गरिनेछ ।

(३) सम्भाव्यता न्यून परिपूर्ति कोषको स्थापना तथा सोको सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद ८
## अनुमतिपत्र प्राप्त व्यक्तिको अधिकार तथा सुविधा

**४५. राष्ट्रियकरण नगरिने:** अनुमतिपत्रको अवधिभर कुनै पिन आयोजना र सोसँग सम्बन्धित जग्ग093E, उपकरण तथा संरचना राष्ट्रियकरण गरिने छैंन ।

**४६. शुल्क उठाउन पाउने:**

(१) अनुमतिपत्र प्राप्त व्यक्तिले आफुले निर्माण वा सञ्चालन गरेको आयोजनाबाट सेवासुविधा उपलब्ध गराए वापत उपभोक्तासँग शुल्क उठाउन सक्नेछ ।

(२) आयोजना स्मझौतामा उपदफा (१) बमोजिमको शुल्क सम्झौतामा उल्लेख भए बमोजिम समय समयमा पुनरावलोकन गर्न सकिने व्यवस्था राख्न सकिनेछ ।

**४७. घर जग्गा आदिमा प्रवेश गर्न सक्ने:**

(१) आयोजना कार्यान्वयनको सिलसिलामा अनुमतिपत्र प्राप्त व्यक्तिले कुनै घर, जग्गा, उद्योग, कलकारखाना आदिको भौगोलिक तथा बैज्ञानिक सर्वेक्षण तथा नाप नक्सा गर्न, माटो लगायत अन्य प्राकृतिक श्रोत र साधनको परीक्षण गनर्, त्यसको लागि आवश्यकता अनुसार उपकरण जडान गर्न तथा त्यस्तो उपकरणको प्रयोग गर्न,

जग्गा छुट्याउन,  साँध, किल्ला खडा गर्न वा निशाना लगाउने प्रयोजनको लागि सम्बन्धित धनीलाई अग्रीम सूचना दिई घर जग्गा आदिमा प्रवेश गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम घर जग्गा आदिमा प्रवेश गर्दा सो जग्गामा लगाएको अन्न बाली वा हुर्केका रुख बिरुवा काट्नु, उख्ल्नु परेमा वा जग्गामा रहेका कुनै छेकबार, पर्खाल, कुनै मेशिनरी, औजार आदि हटाउनु, भत्काउनु वा लगाउनु परेमा सोको मनासिव क्षतिपूर्ति सम्बन्धित धनीलाई दिई अनुमतिपत्र प्राप्त व्यक्तिले सो गर्न सक्नेछ ।

**६१. निर्देशक दिन सक्ने:** सानसा इकाईले सम्झौतामा उल्लिखित शर्तहरुको अधीनमा रही आयोजनाको कार्यान्वयनको सम्बन्धमा अनुमतिपत्र प्राप्त व्यक्तिलाई समय समयमा आवश्यक निर्देशन दिन सक्नेछ ।

**६२. लिज वा भाडामा दिन बेचबिखन गर्न सक्ने:**

(१) सानिसा इकाईले अनुमतिपत्र प्राप्त व्यक्तिलाई स्थानीय सरकारको स्वामित्वमा रहेको संस्थाको स्वामित्व वा अधीनमा रहेको कुनै घर वा जग्गा लिज वा भाडामा दिन, कुनै मेशिन, औजार बिक्री गर्न वा लिज वा भाडामा दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम लिज वा भाडामा दिँदाको शर्तहरु सम्झौतामा लेखिए बमोजिम हुनेछन् ।

**६३. स्थानीय श्रोत, साधन र जनशक्तिको उपयोग गर्नु पर्ने:** अनुमतिपत्र प्राप्त व्यक्तिले आयोजना कार्यान्वयनको सिलसिलामा सम्भव भए सम्म स्थनीय श्रोत, साधन, जनशक्ति र मुलुकभित्र उत्पपादन हुने वस्तु तथा सेवा उपयोग गर्नु पर्नेछ ।

**६४. अध्ययन प्रतिवेदन माथि अधिकार कायम रहने:** प्रस्तावकले प्रस्तावसाथ पेश गरेको हध्ययन प्रतिवपेदन सम्बन्धी कागजात उपर निजको पूर्ण अधिकार कायम रहनेछ । प्रस्तवकले लिखित स्वीकृति बिना त्यस्तो अध्ययन प्रितवेदन सम्बन्धी कागजातहरु अन्य कुनै कामको लागि प्रयोग वा प्रकाशन गर्ने छैन ।

**६५. नियम बनाउने अधिकार:** यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।

**६६. कार्यविधि तथा निर्देशिका बनाउन सक्ने:** सानिसा समितिले यस ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमावलीको अधिनमा रही आवश्यक कार्यविधि तथा निर्देशिका बनाउन सक्नेछ ।

**प्रमाणिकरण मिति : २०७७/०९/२८**

**आज्ञाले**
**मिन प्रसाद भट्टराई**
**प्रमुख प्रशासकीय अधिकृत**